२०८१ सालको कार्यविधि नं. १२

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः १२ मितिः२०८१।०९।०९

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**हेटौंडा उपमहानगरपालिका चुरियामाई सुरुङ सञ्चालन कार्यविधि,२०८१**

**प्रस्तावना**

हेटौंडा उपमहानगरपालिका वडा नं. १५ स्थित इन्जिनियर स्व.डिल्लिजङ्ग थापाद्वारा १९७४ सालमा डिजाइन गरी निर्माण भएको चुरियामाई सुरुङको बागमती प्रदेश सरकार, भौतिक पूर्वाधार विकास मन्त्रालय, यातायात पूर्वाधार निर्देशनालय, हेटौंडाबाट पुनः निर्माण गरिएको र हेटौंडा उपमहानगरपालिकालाई हस्तान्तरण भएको चुरियामाई सुरुङलाई संचालनमा ल्याउन वाञ्छनीय भएकाले स्थायीन सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ र हेटौंडा उपमहानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत गरी जारी गरिएको छ ।

**परिच्छेद–१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "हेटौंडा उपमहानगरपालिका चुरियामाई सुरुङ सञ्चालन कार्यविधि, २०८१ रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी राजपत्रमा प्रकासन भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “चुरियामाई सुरुङ” भन्नाले हेटौंडा उपमहानगरपालिका वडा नं. १५ मा रहेको २२१ मिटर लामो सुरुङ भन्ने सम्झनु पर्दछ ।

(ख) "कोष" भन्नाले चुरियामाई सुरुङ सञ्चालन गर्न जम्मा भएको दफा ५ वमोजिमको रकम जम्मा हुने कोषलाई सम्झनु पर्दछ ।

(ग) “पर्यटक” भन्नाले चुरियामाई सुरुङ भ्रमण गर्न आउने स्वदेशी एवम् विदेशी व्यक्तिलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(ङ) "उपप्रमुख" भन्नाले हेटौंडा उपमहानगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले हेटौंडा उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "सुरुङ मार्ग सञ्चालक समिति" भन्नाले हेटौंडा उपमहानगरपालिकाबाट चुरियामाई सुरुङ सञ्चालन, व्यवस्थापन गर्न वनेको सञ्चालक समितिलाई सम्झनु पर्दछ ।

(ज) "उपमहानगरपालिका" भन्नाले हेटौंडा उपमहानगरपालिकालाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## चुरियामाई सुरुङ सञ्चालनको उद्देश्य

३. **चुरियामाई सुरुङ सञ्चालनको उद्देश्यः** चुरियामाई सुरुङ सञ्चालनको उद्देश्य देहायबमोजिम हुनेछः

(क) चुरियामाई सुरुङको पुननिर्माण पश्चात सुरुङको दिगो व्यस्थापन र सञ्चालन गर्नु ।

(ख) एसियाको प्रथम मानव निर्मित सुरुङको राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्नु ।

(ग) पर्यटकको पहिलो रोजाइको रुपमा विकास गरी स्थानीयबासीको आय आर्जनको स्रोतको रुपमा विकास गर्नु ।

(घ) निर्मित चुरियामाई सुरुङको संरक्षण र सम्बर्द्धन गर्नु ।

(ङ) उपमहानगरपालिकाको राजस्व वृद्धि र स्थानीय रोजगारी प्रवर्द्धनमा सहयोग पुऱ्याउनु ।

(च) उपमहानगरपालिकाको पर्यटन क्षेत्रको विकासमा टेवा पुऱ्याउनु ।

४. **लक्षित लाभान्वित वर्गः** (१) चुरियामाई सुरुङ सञ्चालन कार्यविधि अनुसार लक्षित र लाभान्वित वर्ग हेटौंडा उपमहानगरपालिका भित्र आउने आन्तरिक र बाह्य पर्यटक हुनेछन्।

## परिच्छेद–३

## कोष स्थापना

५. **कोषको स्थापना तथा सञ्चालनः** (१) चुरियामाई सुरुङ संचालन गर्न कोष स्थापना गरिने छ । उक्त कोष संचालन उपमहानगरपालिकाले गर्ने छ । सुरुङमार्ग समुदायमा हस्तान्तरण भएमा कोषको सञ्चालन पनि समुदायबाटै गरिनेछ ।

(२) चुरियामाई सुरुङ सञ्चालन कोषमा तपशिल वमोजिमको रकम तथा वस्तुगत सहयोग रहने छ ।

(क) हेटौंडा उपमहानगरपालिकाले चुरियामाई सुरुङ सञ्चालनका लागि बार्षिक कार्यक्रममा तोकिएको रकम ।

(ख) प्रवेश शुल्क बापत लिएको रकम ।

(ग) अन्य निकाय तथा संघ संस्थाबाट प्राप्त रकम ।

**६. कोषको प्रयोगः** कोषको प्रयोग देहाय बमोजिम गरिने छः

(क) सुरुङको मर्मत सम्भारमा,

(ख) सुरुङको प्रचार प्रसारमा,

(ग) सुरुङ संचालन र व्यवस्थापनमा,

(घ) सुरुङ सञ्चालनमा खटिएका कर्मचारीको तलव भत्तामा,

(ङ) अन्य भैपरि आउने खर्चमा ।

**७. सचिवालय सम्बन्धी व्यवस्थाः** (१) चुरियामाई सुरुङको सचिवालय हेटौंडा उपमहानगरपालिकाको पर्यटन शाखामा रहने छ र सञ्चालनको निर्देशन पर्यटन शाखाले गर्नेछ ।

(२) यदि सुरुङ समुदायमा हस्तान्तरण भएमा हस्तान्तरण पश्चात सोको सम्पूर्ण व्यवस्थापन समुदाय आफैले गर्ने छ ।

**८. लेखा परीक्षणः** (१) उपमहानगरपलिकबाट सञ्चालन र व्यवस्थापन भएको चुरियामाई सुरुङ्गबाट हुने आयको लेखा परीक्षण प्रचलित कानून बमोजिम महालेखा परीक्षकबाट गरिनेछ ।

(२) लेखा परिक्षण वापत लाग्ने खर्च कोषबाट व्यहोरिने छ ।

(३) चुरियामाई सुरुङ समुदायमा हस्तान्तरण भएमा लेखा परीक्षणको काम रजिष्टर्ड लेखा परीक्षकबाट गराई सो को प्रतिवेन उपमहानगरपालिकामा पेश गर्नु पर्नेछ ।

## परिच्छेद–४

## समिति सम्बन्धी व्यवस्था

**९. निर्देशक समिति गठन सम्बन्धी व्यवस्थाः** (१) चुरियामाई सुरुङको परिचालन तथा व्यवस्थापनका सन्दर्भमा नीतिगत व्यवस्था, वार्षिक कार्ययोजना स्वीकृति, श्रोत साधनको पहिचान तथा परिचालन र अन्तर निकाय समन्वय तथा सहकार्य जस्ता विषयहरुमा पृष्ठपोषण तथा मार्ग निर्देशनका लागि देहाय बमोजिमको चुरियामाई सुरङको निर्देशक समिति गठन गरिनेछः-

**तपशिल**

| | |
|---|---|
| नगर प्रमुख | संयोजक |
| नगर उपप्रमुख | सहसंयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| आर्थिक विकास समितिको संयोजक | सदस्य |
| पर्यटन समितिको संयोजक | सदस्य |

हेटौंडा राजपत्र

नगर प्रमुखले मनोनित गरेको पर्यटन क्षेत्रमा कृयाशिल
महिला १ जना — सदस्य
आर्थिक विकास महाशाखा प्रमुख — सदस्य सचिव

(२) निर्देशक समितिको वैठक बर्षको दुई पटक (सामान्यतया नगरसभा हुनु पूर्व) बस्नेछ । यसका अतिरिक्त आवश्यकताको आधारमा अन्य वैठक पनि वस्न सक्नेछ । साथै निर्देशक समितिले यो कार्यविधिको कार्यान्वयनमा सहजिकरण गर्न आवश्यक ठानेमा आफ्नो कार्यविधि आफैं तयार गरी लागु गर्न सक्नेछ । निर्देशक समितिको बैठक भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्था उपमहानगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ । यसरी निर्णय नभएमा प्रचलित कानून बमोजिम हुनेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चुरियामाई सुरुङको प्रभावकारिता वृद्धिका लागि नीतिगत, कानूनी एवम् प्रक्रियागत व्यवस्था गर्ने,

(ख) चुरियामाई सुरुङको लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउन समन्वय एवम् पहल गर्ने,

(ग) चुरियामाई सुरुङको वार्षिक कार्यक्रम र वजेट स्वीकृत गर्ने,

(घ) चुरियामाई सुरुङ अन्तर्गत कार्यरत कर्मचारीहरुको सेवा सुविधाका वारेमा आवश्यक निर्णय गर्ने,

(ङ) चुरियामाई सुरुङको समग्र विकासमा अभिभावकीय भूमिका निर्वाह गर्ने,

(च) चुरियामाई सुरुङको वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्ने ।

**१०. चुरियामाई सुरुङ व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्थाः** (१) चुरियामाई सुरुङ व्यवस्थित गरी सुदृढ रुपमा सञ्चालन गर्नको लागि तपसिल बमोजिमको व्यवस्थापन समिति गठन गर्न सकिनेछः

<u>तपसिल</u>

(क) चुरियामाई सुरुङ रहेको वडाका वडा अध्यक्ष — अध्यक्ष
(ख) पर्यटन क्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट निर्देशक समितिको संयोजकले मनोनित गरेको महिला २ सहित ५ जना — सदस्य
(ग) चुरियामाई सुरुङ तथा मन्दिर व्यवस्थापन समितिको अध्यक्ष वा प्रतिनिधि — सदस्य
(घ) सम्बन्धित वडाको सामुदायिक वनको प्रतिनिधि — सदस्य
(ङ) सम्बन्धित वडाका वडा सचिव — सदस्य सचिव

(३) उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निजहरु पुनः अर्को एक कार्यकालको लागि मनोनयन हुन सक्नेछन् ।

(४) उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुको कार्य सन्तोषजनक नरहेमा वा ३ वटा बैठकमा लगातार अनुपस्थित रहेमा सो स्थानमा निर्देशक समितिको संयोजकले नयाँ सदस्य नियुक्ति गर्न सक्नेछ ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(६) चुरियामाई सुरुङ व्यवस्थापन समितिको वैठक प्रत्येक ३/३ महिनामा एक पटक वस्नेछ। आवश्यकता अनुसार अन्य समयमा समेत बैठक बस्न सक्नेछ ।

**११. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) चुरियामाई सुरुङको व्यवस्थापन र सञ्चालनको लागि सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गर्ने,

(ख) चुरियामाई सुरुङको विकास सम्बन्धमा आवश्यक दीर्घकालीन, अल्पकालीन नीति, योजना तथा वार्षिक कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(ग) चुरियामाई सुरुङको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(घ) चुरियामाई सुरुङको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने श्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(च) चुरियामाई सुरुङ सञ्चालनका क्रममा भए गरेका कार्यको समीक्षा गर्ने र आवश्यक निर्णय लिने,

(छ) नगर कार्यपालिकाले गरेका निर्णय तथा निर्देशक समितिले दिएका निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ज) चुरियामाई सुरुङको विषयमा सरोकारवालाहरुबाट प्राप्त सुझाव र सल्लाहलाई ध्यानमा राखी आवश्यकतानुसार सुरुङसँग सम्बन्धित समस्या समाधान गर्ने, गराउने,

(झ) जनशक्तिको वृत्ति विकासमा आवश्यक कार्य गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ञ) जनशक्तिको परिचालन गरी पर्यटकीय सेवालाई प्रभावकारी बनाउन कार्ययोजना तयार गर्ने,

(ट) चुरियामाई सुरुङ सञ्चालनको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने,

(ठ) चुरियामाई सुरुङमा कार्यरत कर्मचारीहरुको सेवा प्रवाह, सम्पादन गरेको कार्यको नियमित अनुगमन गर्ने,

(ड) त्रैमासिक रुपमा निर्देशक समितिलाई कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने,

(ढ) चुरियामाई सुरुङको अवलोकनको लागि तोकिएको प्रवेश शुल्कको दर संशोधन/परिवर्तनको

लागि लागि सिफारिस गर्ने ।

१२. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) चुरियामाई सुरुङको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(ग) बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

(घ) बैठकमा मत बराबर भएमा निणार्यक मत दिने,

(ङ) सुरूङको व्यवस्थापन, विकास र विस्तारको लागि भूमिका निर्वाह गर्ने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) दैनिक प्रशासनिक काम सञ्चालन गर्न आवश्यक निर्देशन दिने ।

१३. **समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** (१) समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) चुरियामाई सुरुङको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(ग) अध्यक्षसँग परामर्श गरी बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

(घ) समितिले गरेका निर्णय अनुरूप कार्य गर्ने गराउने,

(ङ) दैनिक प्रशासन सञ्चालन गर्ने, गराउने।

## परिच्छेद-५

## <u>विविध</u>

१४. **कर्मचारीको व्यवस्थापनः** (१) चुरियामाई सुरुङ सञ्चालनको लागि आवश्यकता अनुसार उपमहानगरपालिकाबाट जनशक्ति व्यस्थापन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम परिचालन भएको जनशक्तिको सेवा सुविधा चुरियामाई सुरुङ व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले निर्णय गरे बमोजिम हुनेछ ।

१५. **कोठा तथा सामानको व्यवस्थापनः** चुरियामाई सुरुङ सञ्चालनको लागि उपमहानगरपालिकाबाट आवश्यकता अनुसार कोठा तथा अन्य सामाग्रीको व्यवस्थापन गर्न सकिनेछ ।

१६. **वार्षिक प्रतिवेदन पेश गर्नेः** व्यवस्थापन समितिले वर्षभरी गरेको काम कारबाहीको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालिस दिन भित्र निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ।

१७. **प्रवेश शुल्कः** (१) चुरियामाई सुरुङ अवलोकन गर्न आउने पर्यटकहरुलाई देहाय बमोजिमको प्रवेश शुल्क लिइनेछः

**<u>देहाय</u>**

| | |
|---|---|
| ५ वर्ष उमेरसम्मको लागि | निःशुल्क |

| | |
|---|---|
| नेपाली नागरिकको लागि | रु.५०।०० |
| विद्यार्थीको लागि | रु.१०।०० |
| विदेशी पर्यटकको लागि | रु.१००।०० |
| चलचित्र, डकुमेन्ट्री, म्युजिक भिडियो लगायतको निर्माणको लागि | रु.१०००।०० |

(२) उपदफा (१) बमोजिमको प्राप्त भएको रकमलाई अन्यथा व्यवस्था भएकोमा बाहेक उपमहानगरपालिकाको राजस्व खातामा आम्दानी बाँधिनेछ ।

१८. **<u>ठेक्कामा लगाउन सकिनेः</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि चुरियामाई सुरुङ सञ्चालनका लागि निश्चित अवधि तोकेर कोही व्यक्ति, संस्था, फर्म, कम्पनी वा निर्माण व्यवसायीलाई अनुसूची-१ बमोजिम सम्झौता गरी ठेक्कमा दिन सकिनेछ ।

(२) यसरी ठेक्काको माध्यमबाट चुरियामाई सुरुङ सञ्चालन गर्न दिंदा नगर कार्यपालिका बैठकबाट न्यूनतम अङ्क तोकी सोही अङ्कका आधारमा प्रचलित आर्थिक ऐन, सार्वजनिक खरिद ऐन र नियमावली, ठेक्का बन्दोबस्त सम्बन्धि कार्यविधि अनुसार १५ (पन्ध्र) दिनको सूचना जारी गरी तोकिएको समयावधिभित्र रित पूर्वक प्राप्त हुन आएका आवेदकहरु मध्ये सबैभन्दा बढि अङ्क कबोल गर्नेलाई चुरियामाई सुरुङ सञ्चालन गर्न दिनु पर्नेछ ।

(३) प्रतिस्पर्धा गराई ठेक्का लगाउँदा कबोल अङ्कलाई ३ बराबर किस्तामा बाँडी प्रथम किस्ताको रकम सम्झौता हुनु पूर्व र बाँकी २ किस्तामा बुझाउनु पर्ने रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नु पर्नेछ । यस्तो बैंक ग्यारेन्टीको म्याद ठेक्का समाप्त हुने मितिले ३० दिन पछिसम्मको हुनु पर्नेछ।

(४) ठेक्का सम्झौता भए पश्चात सम्झौताको अवधिमा चुरियामाई सुरुङको सञ्चालन तथा व्यवस्थापनको सम्पूर्ण दायित्व ठेक्का लिने पक्षको हुनेछ ।

१९. **चुरियामाई सुरुङलाई समुदायमा हस्तान्तरण गर्न सकिनेः** (१) चुरियमाई सुरुङलाई व्यवस्थापन समितिको सिफारिसमा निर्देशक समितिले निर्णय गरी समुदायमा हस्तान्तरण गर्नु परेमा नगर कार्यपालिकाको निर्णय बमोजिम समुदायमा हस्तान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम समुदायमा हस्तान्तरण भए पश्चात चुरियमाई सुरुङको सम्पूर्ण दायित्व तथा व्यवस्थापनको जिम्मेवारी समुदायको हुनेछ ।

२०. **बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ पर्न आएमा नगर कार्यपालिकाको निर्णयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

२१. **कार्यविधिको व्याख्याः** यस कार्यविधि कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा भएमा सोको व्याख्या नगर कार्यपालिकाले गरे बमोजिम हुनेछ ।

२२. **प्रावधान बाझिएको हकमाः** कार्यविधिमा उल्लेखित कुनै व्यवस्था प्रचलित ऐन एवम् नियमावलीमा उल्लेखित व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म ऐन एवम् नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

२३. **संशोधन र थपघट गर्न सकिनेः** हेटौंडा उपमहानगरपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन, थपघट तथा हेरफेर गर्न सक्नेछ।

२४. **कार्यविधिको पालना गर्नुपर्नेः** यस कार्यविधामा भएको व्यवस्थाहरुको पालना सम्बन्धित पक्षले गर्नु पर्नेछ ।

हेटौंडा राजपत्र

## <u>अनुसूची-१</u>
### (दफा १८ को उपदफा (१) सँग सम्बन्धित)
### ठेक्कामा लगाउने करार सम्झौताको नमूना

लिखितम् मकवानपुर जिल्ला, हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय (यसपछि प्रथम पक्ष भनिने छ) र ..........जिल्ला .............पालिका .......वडा बस्ने श्री .............को नाति/नातिनी/बुहारी श्री .......... को छोरा/छोरी/श्रीमती वर्ष ............ को श्री ................ वा .......... फर्म/कम्पनीको अधिकार प्राप्त व्यक्ति श्री ................ (यसपछि दोस्रो पक्ष भनिने छ) का बीच प्रथम पक्षको स्वामित्वमा रहेको चुरियामाई सुरुङ सञ्चालनका लागि मासिक रु. ........... मा/वार्षिक रु. ......... बुझ्ने गरी यो करार सम्झौतामा मेरो मनोमान राजीखुशीले रेखात्मक र लेखात्मक सहीछाप गरी तपसिलमा उल्लेखित शर्तको अधिनमा रही चुरियामाई सुरुङ सञ्चालन गर्न मञ्जुर भई हेटौंडा उपमहानगरपालिकामा बसी करार सम्झौता गरी एक/एक प्रति लियौं दियौं ।

**<u>शर्तहरु</u>**

१. प्रथम पक्षको स्वामित्वमा रहेको चुरियामाई सुरुङ सञ्चालन गर्न कबोल अङ्कको एक तिहाई रकम रु. ..... आजै दाखिला गरेको छु । साथै बाँकी २ किस्ता बापत मिति ......... सम्म म्याद भएको ............ बैंकको रु............. को बैंक ग्यारेन्टी पेश गरेको छु ।

२. ............ शर्तका लागि उपमहानगरपालिकाको सूचना अनुसार रु. .......... धरौटी समेत जम्मा गरी प्रमाण निस्सा पेश गरेको छु ।

३. म निवेदकले दुरुस्त हालतमा रहेको चुरियामाई सुरुङ सञ्चालन गर्न लिएको ठेक्का अवधि समाप्त भए पश्चात पनि दुरुस्त रुपमा बुझाउने छु ।

४. ठेक्का अवधिभर चुरियामाई सुरुङको सम्पूर्ण दायित्व व्यहोर्ने छु ।

५. दोस्रो पक्षले चुरियामाई सुरुङ सञ्चालन गर्न निजले दोस्रो, तेस्रो व्यक्तिलाई पुनः ठेक्कामा दिन पाउने छैन । तर यस्तो अवस्था पर्न आएमा पहिलो पक्षको स्वीकृति अनिवार्य हुनेछ ।

६. पहिलो पक्षले चुरियामाई सुरुङको सञ्चालन र भौतिक अवस्था आदिका बारेमा निरीक्षण अनुगमन गर्न सक्नेछ सो कार्यमा सहयोग गर्नु दोस्रो पक्षको कर्तव्य हुनेछ।

७. यस सम्झौतामा उल्लेखित शर्तहरु यसै सम्झौता बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

**प्रथम पक्षको तर्फबाट**

दस्तखतः

नामथरः

पदः

छाप

**रोहवरः**

**दोस्रो पक्षको तर्फबाट**

दस्तखतः

नामथरः

ठेगानाः

**रोहवरः**

**<u>आज्ञाले</u>**

**सूर्य प्रसाद गौतम**

**प्रमुख प्रशासकीय अधिकृत**



हेटौंडा राजपत्र